# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, असोज २४ गते २०४५ साल (संख्या २६

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी स्वयम्भू बारूदखाना कार्यालयले चालू आ.व. २०४५।४६ मा आफ्नो उत्पादन कार्यमा प्रयोग गर्ने वीरगञ्ज चिनी कारखाना लि. वीरगञ्जबाट खरीद गर्ने ६०,०००।– (साठी हजारमात्र) लिटर डिनेचर्ड स्प्रिटमा लाग्ने बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालयलाई अमेरिकन नेपाल फाउन्डेशनले उपहारस्वरूप प्रदान गर्ने ३ पाइलेट ४०५४ थान पुस्तकहरू र अन्य शैक्षिक सामग्रीहरूमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर छूट प्रदान गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।